**HS/XI/A/n/18**

**2018**

**NEPALI**

**( ELECTIVE )**

*Full Marks* :100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions.*

*General Instructions:*

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part–A Objective Questions serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A–OBJECTIVE )

( *Marks* : 50 )

SECTION–I

( *Marks* : 20 )

1. कोष्ठ भित्रका सही शब्दहरू छानेर खाली ठाउँहरू भर: 1 x 10 = 10

(क) भाग्यतमाशा जब ________, अनि पछि सिल्लीतुल्य म हुन्छु।
आँसु बहन्छन् छाति ________, चित्त निरन्तर रोइर हन्छ॥ (चिरिन्छ, सम्झन्छु)





(ख) फरफर गरि खस्छन् भोकले ________
सुत मम कलिला ती मलाई ________। (वृक्षदेखी, नदेखी)

(ग) क्षणिक ________ निम्ति यसरी मरिमेटनु नै जीवनसार
गरम ________ सुख – सपनामा लायौ जीवनमा ठूलो भार। (छातिको, सुखको)

(घ) मैले ________ सुनाउनुपर्दैन बाबु, यस ________ सबै आफै आइपुग्छन्। (कसैलाई, कमरामा)

(ङ) पुल्ठोको ________ शिखाभित्र त्यसको घामपानीले डढेको ________ विकराल देखिन्थ्यो। (अनुहार, अस्थिर)

(च) ब्राह्मण ________ निस्कनेबित्तिकै उसले ________ घोडा लस्त भएकोमा उजूर गर्‍यो। (बाहिर, अगि)

(छ) ________ आगमनको हजार वर्ष अघाड़ि सिन्धु ________ सभ्यता चरम सीमामा पुगेको थियो। (आर्यहरूका, उपत्यकाका)

(ज) जति ________ पूजा-पर्वमा चलन छ, त्यति कुनै ________ हाम्रो मुलुकमा छैन। (फूलको, सयपत्रीको)

(झ) ________ साहित्यको प्रादुर्भाव हुनभन्दा अघि सबैतिर अनपढ़ र सोझा सरल ग्रामीणहरूले ________ साहित्यकै प्रचुर मात्रामा प्रचार गरेको पाइन्छ। (लिखित, लोक)

(ञ) जम्मैको ________ आफ्नो - आफ्नो स्थान र कृतित्व छ तर ________ भने कुनै विशेष प्रयोजन देखिन्न। (थेगोको, भाषामा)

2. सत्य भनाइमा 'हो' असत्य भनाइमा 'होइन' लेख : 1 x 5 = 5

(क) उद्‌वोधन (जाग–जाग) कवितामा कविले स्वार्थलाई त्याग्नु भनेका छन्।

(ख) आँगनमा आएर आँसु चुहाउने भिखारी हो।

(ग) 'माछाको मोल' कथामा रनेको बिहे भएको थियो।

(घ) वीरबहादुरकी स्वास्नी को नाम डल्ली हो।

(ङ) भारतले नै गन्धर्व र अप्सरा नर्तकीहरूलाई, सङ्गीत र नित्यमा तालिम दिएका हुन्।

3. तलका प्रश्नहरूका बहुविकल्पी उत्तरमध्ये सही उत्तर छानेर लेख : 1 x 5 = 5

(क) 'निर्झर' कविताका कवि को हुन्?

*(i)* लेखनाथ पौड्याल

*(ii)* नरेन्द्रप्रसाद कुमाई

*(iii)* लक्ष्मीप्रसाद देवकोटा

*(iv)* युद्धप्रसाद मिश्र

(ख) 'कति घच्घच्याउँदा पनि कसैले प्रत्युत्तरसम्म दिएन' — यस पङ्क्तिमा 'प्रत्युतर' को अर्थ के हो?

*(i)* प्रश्नको उत्तर

*(ii)* उत्तरको प्रश्न

*(iii)* प्रश्न

*(iv)* उत्तर





(ग) 'पवित्रा' के हो?

*(i)* कथा

*(ii)* उपन्यास

*(iii)* निबन्ध

*(iv)* कविता

(घ) 'टाँगन भनेको के हो?'

*(i)* गाई

*(ii)* भैंसी

*(iii)* घोडा

*(iv)* ब्राख्रो

(ङ) थेगोमा धेरै रमाइलो थेगो कुन हो?

*(i)* चाइने

*(ii)* क्या नाम

*(iii)* तपाईंको

*(iv)* ए रातै

## SECTION–II

( *Marks* : 30 )

**4.** तलका कुनै पाँच प्रश्नहरुका उत्तर चार/पाँच वाक्यमा लेख : 3 x 5 = 15

(क) ‘भाग्यतमाशा जब सम्झन्छु, अनि पछि सिल्लीतुल्य म हुन्छु।’— यस पङ्क्तिमा कसले किन यसो भनेको छ?

(ख) ‘मनिस छैनन्’ कवितामा कसरी आफ्नो विलाप प्रकट गरिएको छ?

(ग) ‘पवित्रा’ को हो र कस्ती थिई?

(घ) रनेले आफ्नो घर गृहस्थीको कस्तो कल्पना गरेको थियो?

(ङ) थेगो के हो? कुनै एक प्रचलित थेगोको उदाहरण देऊ।

**5.** (क) विपरीतार्थक शब्द लेख : 2

आस्तिक, उचित, मिलन, आफू।

(ख) पर्यायवाची शब्द लेख (दुई–दुईवटा): 4

राजा, प्रसिद्ध, घमण्ड, धनी।

(ग) अनेकार्थक शब्द लेख (दुई–दुईवटा): 3

अङ्क, वर, ताल।

(घ) तलका शब्दलाई शुद्ध पारेर लेख : 2

बलबान, वाकय, अभिसेक, कवितव।

(ङ) तलका शब्दको सार शब्द लेख : 2

(*i*) नराम्रो रूप भएको।

(*ii*) दुई नदी मिलेको ठाउँ

(च) तलका वाक्य शुद्ध पारेर लेख: 2

(*i*) जीवनमा ठुलो शिक्षाको हाम्रो भूमिका रहेछ।

(*ii*) बुझ्नुपर्छ आफ्नो भाषा पहिले र संस्कृतिलाई हामीले।





## ( PART : B – DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** ‘शहीद’ कथाको कथावस्तु सङ्क्षेपमा लेख? 7

अथवा

‘टाँगन घोडा’ कथामा सयस कालेले घोडाप्रति देखाएको अगाध प्रेम कस्तो छ? वर्णन गर।

**7.** ‘बिर्सिएको संस्कृति’ निबन्धमा निबन्धकारले हाम्रो संस्कृतिबारे के भनेका छन्? स्पष्ट पार। 7

अथवा

‘‘नेपाली लोक साहित्यमा सवाईको प्रमुख स्थान छ’’ भन्दै निबन्धकार जगत छेत्रीले कसरी आफ्ना विचारहरू व्यक्त गरेका छन्?

8. कुनै **एउटा** कविताको सारांश लेख: 6

उद्वोधन (जाग–जाग), जाबीको चरा र पिञ्जराको सुगा।

**9.** सप्रसंग व्याख्या गर (**कुनै एउटा**): 6

(क) तिमी भनौला ‘‘ती रङ्गीचङ्गी लुगा लाई
नक्कलझक्कल गर्दै झ्यालमा देखा पर्ने को हुन् त?’’
म भन्छु म ‘‘तिनीहरू ता पुतली हुन् पुतली।’’

(ख) नजीकैको ठूलो दुङ्गोमाथि बसेर भन्न थालिन्—‘‘अचेल नेपालमा मधेसमै जस्तो गर्मी पर्न थालिरहेछ। रातभरी उकुसमुकुस हुन्छ......।’’

(ग) जहाँ जहाँ नेपालीहरू अधिक सङ्ख्यामा बसोबासो गरेका छन्, उहाँ सयपत्री मात्रा गाँसेर घरलाई सिँगार्छन औ जति पुष्पको प्रचुरता चाड–त्यौहारमा नेपालीहरूमा व्यवहृत हुन्छ अन्य जातिमा हुँदैन।

**10.** यस अनुच्छेदको शीर्षक दिंदै सारांश लेखः 8

पुस्तकमा हामी अर्काको अनुभवको आधारमा लेखिएका कुरा पढ्छौं। पुस्तकमा लेखिएका कुराबाट हामी जुन ज्ञान पाउँछौ त्यसबाट कुनै कुरा प्रत्यक्ष अनुभव गर्न–सकिँदैन। मूर्ति र सजीव प्राणीमा जति भिन्नता छ पुस्तकबाट प्राप्त ज्ञान र यात्राबाट प्राप्त ज्ञानमा त्यति नै भिन्नता छ। यात्रा गरेपछि पुस्तकमा लेखिएका निर्जीव शब्दहरू सजीव भएर बोलेको, हिंडेको, नाचेको र हाँसेको दृश्य प्रत्यक्ष देख्नसकिन्छ। अस्टिनले भनेका छन् ''संसार किताबको ठेली हो। जुन मानिसहरू घरबाट बाहिर निस्कँदैनन् तिनीहरूले यस किताबको एउटा पातो मात्र पढ्न पाउँछन्।'' यसकारण यात्रा नगरी हामी संसारका विषयमा पूर्ण र वास्तविक ज्ञान प्राप्त गर्न सक्तै नौँ।

**11.** कुनै **एउटा** विषयमा निबन्ध लेखः 10

(क) परिवारको महत्व

(ख) मेरो देश

(ग) विज्ञानको प्रगति

(घ) स्वास्थ्यरक्षा

**12.** छात्रवासमा बस्ने साथीलाई तिम्रो आउँदो जन्मदिवसको निम्तो दिँदै एउटा पत्र लेख। 6

★★★